# भाग २

## नेपाल सरकार

## कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति डा. रामवरण यादवबाट जारी भएको तल लेखिए बमोजिमका अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७१ को अध्यादेश नं. २

## सहकारी ऐन, २०४८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: सहकारी ऐन, २०४८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "सहकारी (दोस्रो संशोधन) अध्यादेश, २०७१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. सहकारी ऐन, २०४८ को दफा २ मा संशोधन : सहकारी ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) पछि देहायका खण्ड (च१), (च२), (च३), (च४), (च५) र (च६) थपिएका छन् :-

"(च१) "कसूर" भन्नाले दफा ४३ बमोजिमको कसूर सम्झनु पर्छ ।

(च२) "मन्त्रालय" भन्नाले सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

(च३) "विभाग" भन्नाले सहकारी विभाग सम्झनु पर्छ

(च४)"बचत" भन्नाले सदस्यले संस्था वा संघमा नियमित वा आवधिक रुपमा जम्मा गरेको बचत रकम सम्झनु पर्छ।

(च५) "व्यवस्थापन समिति" भन्नाले दफा ३७ख. बमोजिम गठन भएको संस्था वा संघको सम्पत्ति व्यवस्थापन समिति सम्झनु पर्छ।

(च६) "बैंक" भन्नाले दफा २६ को उपदफा (४) बमोजिम स्थापना भएको सहकारी बैंक सम्झनु पर्छ।"

३. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) मा रहेको "निक्षेप" भन्ने शब्द झिकिएकोछ।

(२) उपदफा (२) मा रहेको "निक्षेप" भन्ने शब्दको सट्टा "बचत" भन्ने शब्द राखिएकोछ।

४. मूल ऐनमा परिच्छेद ८क. थप : मूल ऐनको परिच्छेद -८ पछि देहायको परिच्छेद -८क. थपिएकोछ :-

"परिच्छेद -८क.

समस्याग्रस्त संस्था वा संघ सम्बन्धी व्यवस्था

३७क.संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिने: (१) दफा ३६ बमोजिम गरिएको निरीक्षण वा दफा ३७ बमोजिम गरिएको हिसाब जाँचबाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा विभागले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रुपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नेछ :-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा संघ सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा गम्भीर रुपमा आर्थिक कठिनाई भोगिरहेको ।

(२) कुनै संस्था वा संघले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुले विभाग वा विभाग अन्तगरतको कार्यालयमा निवेदन दिएमा विभागले त्यस्तो संस्था वा संघको जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा वा गराउँदा उपदफा (१) बमोजिमको अवस्था विद्यमान भएमा विभागले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रुपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम समस्याग्रस्त संस्था वा संघको रुपमा घोषणा गर्न विभागबाट सिफारिस भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सिफारिस गरेमा मन्त्रालयले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

३७ख. <u>व्यवस्थापन समितिको गठन</u> : (१) दफा ३७क. बमोजिम समस्याग्रस्त संस्था वा संघ घोषणा भएमा त्यस्तो समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न नेपाल सरकारले व्यवस्थापन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन् :-

(क) पुनरावेदन अदालतको न्यायाधीश भैसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा रही सहकारी क्षेत्रमा कम्तीमा तीन वर्ष कार्य अनुभव भएको व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना -सदस्य

(ग) राष्ट्रिय सहकारी संघ वा केन्द्रीय सहकारी संघका पदाधिकारी वा सहकारी क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको व्यक्तिहरुमध्ये नेपाल सरकारले मनोनीत गरेको एकजना -सदस्य

(घ) बैंक तथा वित्तीय संस्थाको कम्तीमा नवौं तह वा सो सरहको पदमा वा चार्टर्ड एकाउण्टेण्ट पदमा रही

बैंक तथा वित्तीय संस्थाको सुपरीवेक्षण क्षेत्रमा कम्तीमा तीन वर्षको कार्य अनुभव भएका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना

-सदस्य

(ङ) मन्त्रालयको सहसचिव -सदस्य सचिव

(३) व्यवस्थापन समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा व्यवस्थापन समितिको बैठक बस्नेछ । व्यवस्थापन समितिको बैठकको अध्यक्षता व्यवस्थापन समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा व्यवस्थापन समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले बढीमा दुई वर्षको हुनेछ र नेपाल सरकारले आवश्यकता अनुसार निजहरुको पदावधि थप गर्न सक्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा नेपाल सरकारले

उपदफा (२) को अधीनमा रही बाँकी अवधिका लागि मनोनयन गरी पदपूर्ति गर्नेछ ।

(९) व्यवस्थापन समितिले आफ्नो काम कारवाही सम्बन्धमा छुट्टै कार्यविधि बनाउन सक्नेछ । त्यस्तो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३७ग. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: (१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समस्याग्रस्त संस्था वा संघको साधारण सभा, समिति तथा लेखा समितिले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति तथा दायित्वको एकिन विवरण र तथ्याङ्क संकलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्यांकन गर्ने,

(ग) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति जिम्मा लिने,

(घ) समस्याग्रस्त संस्था वा संघको काम कारवाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(ङ) समस्याग्रस्त संस्था वा संघले असुल गर्नु पर्ने कर्जा, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम वा विनियम बमोजिमको प्रकृया अवलम्वन गरी असुल गर्ने,

(च) समस्याग्रस्त संस्था वा संघको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

(छ) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति बिक्री गर्ने, उपभोग गर्ने तथा व्यवस्थापन गर्ने,

(ज) सदस्य तथा बचतकर्ताको बचत रकम फिर्ता वा भुक्तानी दिने,

(झ) समस्याग्रस्त संस्था वा संघका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ट) समस्याग्रस्त संस्था वा संघको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत रकम पूरै वा आंशिक रुपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको प्रमाणित भएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्तिमध्येबाट बचतकर्ताको बचत भरिभराउ गर्न आवश्यक कारवाही गर्ने,

(ठ) समस्याग्रस्त संस्था वा संघको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) को प्रयोजनको लागि व्यवस्थापन समितिले देहायका कार्यहरु गर्नेछ :-

(क) देहाय बमोजिमको लगत तयार गर्ने :-

(१) समस्याग्रस्त संस्था वा संघका सदस्य, बचतकर्ता, ऋणी वा संस्था वा संघले भुक्तानी दिनु पर्ने व्यक्ति वा संस्थाहरुको नाम नामेशीको,

(२) समस्याग्रस्त संस्था वा संघको नाममा रहेको वा लगानी गरेको अर्पाटमेण्ट लगायतका अचल सम्पत्तिको,

(३) समस्याग्रस्त संस्था वा संघको समितिको सदस्य, कर्मचारी वा निजको परिवारको वा नाता सम्वन्ध भएको व्यक्तिका नाममा बैंक तथा वित्तीय संस्थाको खातामा रहेका नगद, सुन चांदी तथा शेयर लगानीको,

(४) समस्याग्रस्त संस्था वा संघले ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा जमिन र भवनको,

(५) समस्याग्रस्त संस्था वा संघको स्वदेश तथा विदेशका जुनसुकै स्थानमा रहेका चल तथा अचल सम्पत्तिको ।

(ख) दायित्व भुक्तानी गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) बचत रकम जम्मा गर्दाका बखत निर्धारित शर्त बमोजिम सदस्यलाई बचत रकम भुक्तानी,

(२) समस्याग्रस्त संस्था वा संघलाई अर्पाटमेन्ट वा जग्गाको लागि अग्रीम रुपमा रकम बुझाउने व्यक्तिहरुको भुक्तानी,

(३) समस्याग्रस्त संस्था वा संघका साहूहरुलाई रकम भुक्तानी ।

(३) यस दफा बमोजिम समस्याग्रस्त संस्था वा संघको सम्पूर्ण दायित्व भुक्तानी गर्न त्यस्तो संस्था वा संघको सम्पत्तिले नखामेमा व्यवस्थापन समितिले सदस्यको बचत रकम फिर्ता तथा अन्य दायित्व भुक्तानी गर्दा दामासाहीको दरले गर्न सक्ने छ । त्यसरी सदस्यको बचत रकम फिर्ता गर्दा साना बचतकर्तालाई प्राथमिकता दिनु पर्नेछ ।

(४) समस्याग्रस्त संस्था वा संघका समितिको सदस्य, निजका एकाघरका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्था वा संघसंग सम्वन्धित अन्य संघ, संस्था वा कम्पनीका कर्मचारी, सम्वद्ध तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोवार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने तथा आवश्यक कागजात पेश गर्न लगाउन सक्नेछ ।

(५) उपदफा (१) को खण्ड (ट) बमोजिम भरिभराउ गर्दा त्यस्तो कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा बैक वा वित्तीय संस्थाको पनि लगानी रहेछ भने त्यस्तो बैक वा बित्तीय संस्थाको लगानी भरिभराउ गरी बाँकी रहन गएको जायजेथा वा

सम्पत्तिबाट बचतकर्ताको बचत रकम असुल उपर गरिनेछ ।

(६) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन सम्बन्धमा आफूलाई प्राप्त अधिकार व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(७) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च त्यस्तो संस्था वा संघको सम्पत्तिबाट व्यहोरिनेछ ।

३७घ. <u>अधिकार स्वतः निलम्बन हुने</u> : (१) दफा ३७ख. बमोजिम व्यवस्थापन समिति गठन भएको मितिदेखि समस्याग्रस्त संस्था वा संघको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको अधिकार व्यवस्थापन समितिले कार्य सम्पन्न नगरेसम्म स्वतः निलम्बन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्था वा संघको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले काममा खटिन दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

३७ङ. <u>दावी पेश गर्न सूचना दिनु पर्ने</u> : व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्त संस्था वा संघका सदस्य, बचतकर्ता तथा साहूहरुलाई आफूले पाउनु पर्ने रकमको दावी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

३७च. <u>लेखापरीक्षण प्रतिवेदन तयार गर्नु पर्ने</u> : व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाभित्र

त्यस्तो समस्याग्रस्त संस्था वा संघको लेखापरीक्षण गरी सो को प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

३७छ. <u>उपचारात्मक कार्यहरु गर्न सक्ने</u> : दफा ३७च. बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था वा संघ पुनः सञ्चालन हुन सक्छ भन्ने आधार र कारण भएमा व्यवस्थापन समितिले देहायका उपचारात्मक कार्यहरु गर्न सक्नेछ :-

(क) समितिलाई व्यवस्थापन वा काम कारोवार सञ्चालन गर्न आदेश दिने,

(ख) सम्बन्धित संस्था वा संघका शेयर सदस्यहरुमध्येबाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोवार सञ्चालन गर्न लगाउने,

(ग) समिति विघटन गरी त्यस्तो संस्था वा संघको साधारणसभा बोलाई सो को व्यवस्थापन वा काम कारोवार सञ्चालन गर्न नयाँ समितिको गठन गर्ने वा गराउने,

(घ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्वन गर्ने ।

३७ज. <u>व्यवस्थापन समितिले अनुरोध गर्न सक्ने</u> : (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि देहायको कार्य गर्न आवश्यक देखिएमा सम्बन्धित निकाय समक्ष देहाय बमोजिम अनुरोध गर्न सक्नेछ :–

(क) समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारको सदस्य वा संस्था वा संघको कुनै बैंक वा वित्तीय संस्थामा भएको आर्थिक

कारोवार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न,

(ख) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहादानी जारी नगर्न वा जारी भइसकेको भए सो राहादानी रोक्का राख्न,

(ग) समस्याग्रस्त संस्था वा संघको ऋण नतिर्ने सदस्य वा व्यक्तिलाई कालो सूचीमा नाम समावेश गर्न ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा सम्वन्धित निकायले तत्काल रोक्का राखी वा कालो सूचीमा नाम समावेश गरी सो को जानकारी व्यवस्थापन समितिलाई दिनु पर्नेछ ।

३७फ. <u>सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्ने</u> : (१) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारवाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कारवाहीमा अवरोध सिर्जना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाही वा अन्य आवश्यक कारवाही गर्न व्यवस्थापन समितिले सम्वन्धित निकाय समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी काम कारबाही गर्दा दफा ४३ बमोजिमको कसूर भएको विश्वास गर्नुपर्ने मनासिव आधार देखिएमा यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न अधिकारप्राप्त सम्बन्धित निकाय समक्ष लेखी पठाउनेछ ।

३७ब. <u>प्रतिवेदन पेश गर्नु पर्ने</u> : व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिनाभित्र सदस्यको बचत रकम फिर्ता, दायित्व

भुक्तानी, बाँकी रहेको सम्पत्ति तथा दायित्व सम्बन्धी विस्तृत विवरण तथा संस्था वा संघको सञ्चालन सम्बन्धमा नेपाल सरकारले अबलम्बन गर्नु पर्ने नीति र चाल्नु पर्ने कदमहरुको सम्बन्धमा आवश्यक सुझावहरु लगायत आफूले गरेको सम्पूर्ण काम कारबाही समावेश गरी मन्त्रालय समक्ष अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३७ट. <u>व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको सेवा शर्त</u> :

(१) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(२) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यले आफ्नो पदीय कर्तव्य पालनाको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।"

५. <u>मूल ऐनको परिच्छेद -११ मा संशोधन</u> : मूल ऐनको परिच्छेद-११ को सट्टा देहायको परिच्छेद-११ राखिएकोछ :-

"परिच्छेद-११

<u>कसूर र दण्ड जरिवाना</u>

४३ . <u>कसूर गरेको मानिने</u> : कसैले देहाय बमोजिमको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) समितिको सदस्य, व्यवस्थापक, कर्मचारी वा अन्य व्यक्तिले संस्था, संघ वा बैकको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ख) कर्जा असुल हुन नसक्ने गरी बिना धितो समितिका सदस्य आफै वा आफ्ना नजिकका नातेदार, अन्य व्यक्ति वा कर्मचारीलाई कर्जा दिई रकम हिनामिना गरेमा,

(ग) समितिका सदस्य एक्लै वा अन्य सदस्य समेतको मिलोमतोमा संस्था, संघ वा बैंकको शेयर रकम तथा बचत रकम आफूखुसी परिचालन गरेमा,

(घ) गलत विवरण पेश गरी कर्जा लिएमा, भाखाभित्र सावाँ ब्याज नबुझाएमा वा राखेको धितो कच्चा भएमा वा नखामेमा वा कर्जा नबुझाएमा वा कर्जा हिनामिना गरेमा,

(ङ) संस्था, संघ वा बैकको रकम अनधिकृत रुपमा घर, आवास (हाउजिङ), जग्गा कारोबार, शेयर खरिद वा यस्तै अन्य कुनै कम्पनी वा परियोजनामा लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाई हिनामिना गरेमा,

(च) गलत, झुट्टा वा नभएको विवरण पेश गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिएमा वा दिएमा,

(छ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी कर्जा लिएमा वा दिएमा,

(ज) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी कर्जा लिएमा वा दिएमा,

(झ) कुनै एक संस्था, संघ वा व्यक्तिलाई एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुन: कर्जा लिए वा दिएमा,

(ञ) कसैले संस्था, संघ वा बैंकबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ट) कसैले संस्था, संघ वा बैंकको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ठ) कर्जाको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्था, संघ वा बैंकलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(ड) संस्था, संघ वा बैंकलाई हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(ढ) कुनै संस्था, संघ वा बैंक वा सो को सदस्य वा

बचतकर्ता वा तीमध्ये कसैलाई हानि नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे

गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

४४. **रजिष्ट्रारले जरिवाना गर्न सक्ने** : रजिष्ट्रारले संस्था, संघ वा बैंकलाई देहायको अवस्थामा देहाय बमोजिमको जरिबाना गर्न सक्नेछ :-

(क) दफा ३४ बमोजिम प्रतिवेदन पेश नगर्ने वा दफा ३५ को उपदफा (३) बमोजिमको जानकारी नदिने संस्था वा संघलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(ख) यस ऐन बमोजिम दर्ता भएको संस्था, संघ वा बैंक बाहेक दफा ४६ को वर्खिलाप हुने गरी व्यापार, व्यवसाय गर्ने व्यक्तिलाई पचास हजार रुपैंयाँसम्म जरिवाना हुनेछ । एक पटक जरिवाना भएपछि त्यस्तो व्यक्तिले सोही दफाको वर्खिलाप हुने गरी पुनः व्यापार वा व्यवसाय गरेको ठहरिएमा दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना हुनेछ ।

४४क. **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले दफा ४३ को खण्ड (क), (ख) वा (ग) बमोजिमको कुनै कार्य गरेमा कसूरको मात्रा हेरी देहाय बमोजिमको कैद र बिगो भराई बिगो वमोजिम जरिबाना हुनेछ :-

(क) दश लाख रुपैयाँसम्म बिगो भएमा तीन महिनादेखि एक वर्षसम्म कैद,

(ख) दश लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भएमा एक वर्षदेखि दुई वर्षसम्म कैद,

(ग) पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भएमा दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(घ) एक करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयासम्म बिगो भएमा तीन वर्षदेखि चार वर्षसम्म कैद,

(ङ) दश करोड रुपैंयाँ भन्दा बढी पच्चीस करोड रुपैयाँसम्म बिगो भएमा चार वर्षदेखि पाँच वर्षसम्म कैद,

(च) पच्चीस करोड रुपैयाँ भन्दा बढी पचास करोड रुपैयाँसम्म बिगो भएमा पाँच वर्षदेखि छ वर्षसम्म कैद,

(छ) पचास करोड रुपैयाँ भन्दा बढी जतिसुकै बिगो भएमा छ वर्षदेखि सात वर्षसम्म कैद ।

(२) कसैले दफा ४३ को खण्ड (घ) देखि (ढ) मा उल्लिखित कुनै कार्य गरेमा कसूरको मात्रा अनुसार विगो खुलेकोमा विगो बराबरको रकम जरिबाना गरी एक वर्षदेखि तीन वर्षसम्म कैद हुनेछ र बिगो नखुलेकोमा छ महिनादेखि एक वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) कसैले यस ऐन विपरीत गरेको कसूरमा बिगो कायम गरी जफत गर्न नसकिने अवस्था भएकोमा कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजायँ हुनेछ ।

(४) कसैले दफा ४३ बमोजिमको कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न अप्रत्यक्ष रुपमा संलग्न हुने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(५) दफा ४३ बमोजिमको कसूर गर्ने वा त्यस्तो कसूर गर्न अप्रत्यक्ष रुपमा संलग्न हुने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने कुनै निकाय वा संघ संस्था भए त्यस्तो निकाय वा संघ संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम सजाय हुनेछ ।

४५. **पुनरावेदन गर्न सक्ने** : दफा ४१ को उपदफा (३) बमोजिम रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्यक्तिले कुनै संस्था वा संघको दर्ता खारेज गरेकोमा वा दफा ४४ बमोजिम रजिष्ट्रारले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्ति वा सम्वन्धित संस्था वा संघ वा बैंकले पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

६. **मूल ऐनमा दफा ४६क., ४६ख., ४६ग., ४६घ., ४६ङ र ४६च. थप** : मूल ऐनको दफा ४६ पछि देहायका दफा ४६क, ४६ख., ४६ग., ४६घ., ४६ङ र ४६च. थपिएका छन :-

"४६क. **सहयोग वा सेवा माग गर्न सक्ने** : (१) व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यकता अनुसार अन्य निकायको सहयोग वा सेवा माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन समितिले माग गरेको सेवा वा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पति व्यवस्थापन वा दायित्व भुक्तानी गर्दा सम्बन्धित निकायहरुसंग समन्वय गरी आफ्नो काम कारबाही अगाडि बढाउन सक्नेछ ।

४६ख. **कर्मचारी सम्बन्धी व्यवस्था** : मन्त्रालयले व्यवस्थापन समितिको सचिवालयको लागि आवश्यक पर्ने जनशक्ति लगायत भौतिक श्रोत साधन उपलब्ध गराउनेछ ।

४६ग. **काममा लगाउन सक्ने** : (१) व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका प्राविधिक वा विज्ञलाई काममा लगाउन सक्नेछ ।

(२) प्राविधिक वा विज्ञलाई काममा लगाए वापत व्यवस्थापन समितिले सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी पारिश्रमिक तथा सुविधा प्रदान गर्न सक्नेछ ।

४६घ. **अयोग्य भएको मानिने** : यस ऐन बमोजिम कैदको सजाय पाएको व्यक्ति कुनै संस्था, संघ वा बैंकको

समितिको सदस्य वा लेखा समितिको संयोजक वा सदस्य हुन वा कर्मचारीको रुपमा काम गर्न अयोग्य भएको मानिनेछ ।

४६ङ. <u>प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने</u> : यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर अन्य कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

४६च. <u>नेपाल सरकारवादी हुने</u> : दफा ४३ मा उल्लिखित कसूर सम्बन्धी मुद्दा नेपाल सरकारवादी भै दायर गरिनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।"

आज्ञाले,
कमलशाली घिमिरे
नेपाल सरकारको निमित्त सचिव

प्रमाणिकरण मिति: २०७१।१२।२९।१



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५-
गो.हु.द.नं. १६।०६२।०६३